जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
*इमेल :* mgnd2070@gmail.com

बर्षः १२, अंकः २३३ पृष्ठः ४ | २०८२ पुस २३ बुधबार (Wednesday 07 Jan. 2026) | मूल्य रु. ५।- | *इमेल :* mgnd2070@gmail.com

## अबिना दनुवार हत्या प्रकरण :
## ३५ दिनपछि हत्या आशंकामा चौधरी पत्राउ

**सुरेश राय**

सिरहा, २२ पुस। सिरहाको कर्जन्हा नगरपालिका १ बल्टियाका १७ वर्षीया किशोरी अबिना दनुवार (वैद्य) को हत्या घटना संलग्न रहेको आरोपमा ३५ दिनपछी प्रहरीले एक जनालाई पत्राउ गरेको छ। अबिनाको हत्यामा संलग्न रहेको भन्दै प्रहरीले धनुषाको क्षिरेश्वरनाथ नगरपालिका २ का ४५ वर्षीय राम बालक चौधरीलाई पत्राउ गरी आज पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो। प्रहरीका अनुसार घटनाको अनुसन्धानको क्रममा पत्राउ परेका चौधरी र मृतकबीच शव भेटिएको अघिल्लो रात भेटघाट भएको र सोही रात सामान्य विवादका कारण घाँटी थिचेर ढुङ्गाले गालामा हान्दा वेहोस भएपछि उनलाई शव भेटिएको ठाउँ झाडीमा फालेका थिए। त्यसरात उनीहरु पोखरी नजीकै बसेको र त्यहाँ शारिक सम्वन्ध पनि भएको अनुसन्धानको क्रममा चौधरीले बताएको प्रहरीले जानकारी दिए। सोही क्रममा अविनाले विवाहको प्रस्ताव राख्दा चौधरीले उनको चरित्रमाथि प्रश्न उठाउँदा अविनाले आक्रोश पोखेपछि विवाद बढेको थियो। जिल्ला प्रहरी कार्यालय सिरहका सूचना अधिकारी डीएसपी पालले भने, उनीहरु दुवैजनाको भेट चौधरीको डेरामा भएको थियो, उनीहरु सहमतिमै घटनास्थलसम्म पुगेको र त्यहाँ उनीहरुको सहमतिमै शारिरीक सम्वन्ध भएको त्यसपछि विवादका क्रममा हत्या भएको घटना क्रममाले देखाउँछ।'



कर्जन्हा नगरपालिका १ बलटियाकै

–बाँकी दुई पेजमा

## धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न सिरहा प्रशासनको आग्रह

सिरहा, २२ पुस। जिल्ला प्रशासन कार्यालय सिरहाले जिल्लाको धार्मिक, जातीय तथा सामाजिक सद्भावमा खलल पुग्ने गरी कुनै पनि गतिविधि नगर्न आम नागरिकमा विशेष आग्रह गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले सोमबार एक सूचना जारी गर्दै समाजमा वैमनस्यता फैलाउने कार्य नगर्न सचेत गराएका हुन्। प्रशासनद्वारा जारी विज्ञप्तिमा एक समुदायले अर्को समुदायको धर्म, संस्कृति र आस्थामा आँच पुऱ्याउने, घृणा फैलाउने वा कसैको मानमर्दन गर्ने कार्यहरू राष्ट्रिय एकता र सामाजिक सौहार्दताको विरुद्ध हुने उल्लेख गरिएको छ। पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग गरी भ्रामक अफवाह फैलाउने र साम्प्रदायिक भावना भड्काउने प्रयासहरू भइरहेको भन्दै प्रशासनले यस्ता क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले फेसबुक, टिकटक, इन्स्टाग्राम लगायतका सामाजिक सञ्जालमा हुने गतिविधिहरूको सुक्ष्म निगरानी भइरहेको स्पष्ट पारेको छ। यदि कसैले सामाजिक सद्भाव बिथोल्ने खालका सामग्री पोष्ट गरेमा वा फैलाएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनीसमेत दिइएको छ। नागरिकहरूलाई संयमित रहन र सामाजिक एकता कायम राख्न जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरिएको छ।

## लहानमा निःशुल्क परीक्षण शिविर

सिरहा, २२ पुस। लहान नगरपालिका स्वास्थ्य शाखाले पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क परीक्षण सेवा सुरु गरेको छ। लहान–२० र २१ ले संयुक्त रुपमा प्रजनन स्वास्थ्य रुग्णता एकीकृत स्क्रिनिङ तथा व्यवस्थापन' सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरेको हो। स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार शिविर विशेष गरी ३० वर्षमाथिका महिलालाई लक्षित गरी सञ्चालन गरिएको हो। विपन्न तथा दलित समुदायका महिला बढीजसो पाठेघरसम्बन्धी समस्याबाट पीडित भएकाले आर्थिक अभावका कारण उपचार गराउन नसकिरहेको अवस्थामा सघीय सरकारको कार्यक्रमअन्तर्गत शिविर सञ्चालन गरिएको उहाँले बताउनुभयो।




आगामी दिनमा नगरका २४ वटै वडामा शिविर सञ्चालन गरिने प्रमुख चौधरीले जानकारी दिनुभयो।

"शिविरबाट समयमै रोगको पहिचान र उपचारमा सहयोग पुग्नेछ", उहाँले भन्नुभयो। जिल्ला स्वास्थ्य कार्यालयकी अधिकृत तेजकुमारी श्रेष्ठका अनुसार यसअघि गत जेठमा लहान–१५ र १७ मा शिविर सञ्चालन गरिएको थियो। यस्ता शिविरबाट ग्रामीण क्षेत्रका महिलालाई लाभ पुगेको उहाँको भनाइ छ।

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आ  नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## ब्राउनसुगरसहित तीन युवक प्रहरी नियन्त्रणमा

सिराहा, २२ पुस। सिरहा प्रहरीले गोलबजारबाट करिव चार ग्रामभन्दाबढी प्रतिवन्धित लागु पदार्थ ब्राउन सुगरसहित तीन युवकलाई नियन्त्रणमा लिएको छ। गोलबजार नगरपालिका २ गुरुधामनजीको एकान्तठाउँबाबाट तीन ग्राम ८ सय मिलिग्राम अवैध लागुपदार्थ ब्राउन सुगरसहित गोलबजार नगरपालिका ५ सिडिओ टोलका २२ वर्षीय अभिषेक यादव, धनगढीमाई नगरपालिका ८ चियावारीका २४ वर्षीय नवराज शर्मा र सिन्धुली कमलामाई नगरपालिका ९ का ३९ वर्षीय प्रभात देवकोटा लाई नियन्त्रणमा लिएको हो।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पत्राउ गरेको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर सुदन केसीले जानकारी दिए। उनका अनुसार सो ठाउँमा

–बाँकी दुई पेजमा




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## सोलोडोलोमा ठेक्का तोड्नु प्रत्युत्पादक

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवले रुग्ण' भनिएका ठेक्कापट्टा विचार नगरी तोड्दा विकास निर्माणमा मात्र होइन समग्र अर्थतन्त्रमै गम्भीर असर पर्ने चेतावनी दिएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)को कार्यक्रममा उनले ठेक्का तोड्ने प्रक्रिया वित्तीय प्रणलीसँग पनि जोडिएकोतर्फ ध्यानाकर्षण गरेका थिए। रुग्ण करार गरी ठेक्का तोडेपछि सम्बन्धित कम्पनीलाई कालोसूचीमा राख्नुपर्ने र त्यसबाट सम्बन्धित व्यवसायीसँग प्रत्यक्ष एवं परोक्षरूपमा जोडिएका व्यक्ति तथा संस्थाका साथै बैंकिङ संस्थाहरूसमेत प्रभावित हुन्छन्। सचिवका अनुसार ठेक्का तोडेपछि नयाँ ठेक्का लगाउन पनि निकै लामो प्रशासनिक र प्राविधिक तयारी गर्नुपर्ने समेत कारणले चुनौतीको गम्भीर विश्लेषण नगरी निर्णय गरिहाल्नु हुँदैन।

अर्कातिर धेरै ठेक्का लगाउने भौतिक संरचना निर्माणसँग सम्बन्धित तीनवटा मन्त्रालयका मन्त्री कुलमान घिसिङ भने रुग्ण ठेक्का तोड्न कृतसङ्कल्प देखिएका छन्। हुन पनि ठेक्का लिएर समयमा काम सम्पन्न गर्न नसक्ने ठेकेदारका कारण राज्यको नोक्सानी त भएकै छ जनसाधारणले समेत निकै सास्ती खेप्नुपरेको छ। रुग्ण भनिएका यस्ता ठेक्का तोड्दा सास्ती खेपिरहेको जनता खुसी हुन्छन्। यद्यपि, त्यसपछि त्यो निर्माण कार्य झन् बिथोलिएर थप सास्ती र क्षति बेहोर्नुपर्ने पनि हुनसक्छ। यसैले म्यादभित्र काम सम्पन्न नगरेका सबै निर्माण व्यवसायीलाई खराब चित्रण गर्दै सोलोडोलोरूपमा ठेक्का तोड्ने अहिले चलाइएको अभियान समग्रमा देशको हितमा हुने देखिँदैन।

जेन–जी आन्दोलनको रापतापमा बनेको सरकारको मुख्य कार्यभार हो ( आगामी फागुन २१ गते प्रतिनिधि सभाको चुनाव गराउने र जेन(जीका नाममा भएको भदौ २३ र २४ का घटनाको छानबिन गरी कारबाही गराउने। चुनावको वातावरण बन्दैगएको छ भने दमन र विध्वंसको छानबिन गर्न गठित आयोगले पनि थपिएको म्यादभित्र काम सम्पन्न गर्ने लक्षण देखाएको छ। अर्कातिर, प्रतिनिधि सभाको निर्वाचन गराएर मुलुकको राजनीतिलाई सही बाटामा हिँडाउन खोजिरहेको मन्त्रिपरिषद्कै सदस्य भने देशलाई दीर्घकालीनरूपमा गम्भीर हानि हुने काममा उद्यत देखिएका छन्। व्यापक र दीर्घकालीन असर गर्ने प्रकृतिका निर्णयहरूले सम्बन्धित विभाग वा मन्त्रालयको कार्यक्षेत्र बाहिर पनि प्रतिकूल प्रभाव पर्छ। देशको अर्थतन्त्रलाई गति दिन निजी क्षेत्रलाई समेत हौसला दिने काम वर्तमान मन्त्रिपरिषद् विशेषगरी अर्थमन्त्रीले गरेको देखिएको छ। तर, राष्ट्रिय अर्थतन्त्रका लागि समेत प्रत्युत्पादक हुने निर्णय हुन थालेपछि अर्थमन्त्री पनि मौन रहन नहुने हो। यसै पनि नयाँ ठेक्का लगाउने वा तोड्ने कामका लागि यो सरकार बनेको होइन।

ठेक्कापट्टा तोड्ने, लगाउनेजस्ता काम जनताले चुनेकै सरकारलाई छाड्नु अन्तरिम सरकारका लागि नैतिक र वैध पनि हुन्छ। यस्तै, दीर्घकालीनरूपमा आर्थिक प्रभाव पार्ने निर्णय वर्तमान सरकारले गर्नु पनि उचित होइन। कम्तीमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवको जति सुझबुझ अन्तरिम मन्त्रिपरिषद्का सबै सदस्यले देखाउन्।

## अबिना दनुवार ...

१७ वर्षिय अबिनको शव गत मंसिर २२ गते कर्जन्हा नगरपालिका २ स्थित नेपाल फूलकुमारी महतो माध्यमिक विद्यालयको प्राङ्गण नजिकैको झाडीमा फेला परेको थियो। शव बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरिएको छ। पक्राउ परेका चौधरीलाई सिरहा जिल्ला अदालतबाट ७ दिनको म्याद थपगरि अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

## ब्राउनसुगरसहित...

केही व्यक्तिहरु वसेर शंकास्पद गतिविधि गरीरहेको सूचनाको आधारमा पुगेको प्रहरीले उक्त पदार्थसहित उनीहरुलाई नियन्त्रणमा लिएको जानकारी दिए।

उनीहरुलाइ आजै थप अनुसन्धानको लागि जिल्ला अदालत सिरहाबाट म्याद थप गरी इलाका प्रहरी कार्यालय गोलबजारमा राखिएको छ।

# संविधान विपरीत मधेशी दलितको निरन्तर बहिष्करण

## समानुपातिक प्रणालीको दुरुपयोग र प्रतिनिधिसभा निर्वाचनको यथार्थ

**संवैधानिक व्यवस्थाको एक दशक बितिसक्दा र प्रतिनिधिसभाका दुई निर्वाचन सम्पन्न भइसक्दा तथ्याङ्कले देखाउँछ– मधेशी दलित समुदाय अझै पनि राज्यसत्ताबाट बहिष्कृत नै छन्।**



**भोला पासवान**

नेपालको संविधानले समावेशी लोकतन्त्रलाई राज्य पुनर्संरचनाको मेरुदण्डका रूपमा व्याख्या गरेको छ। ऐतिहासिक रूपमा बहिष्कृत समुदाय–दलित, मधेशी, महिला, आदिवासी जनजाति, मुस्लिम लगायतलाई राज्य संरचनामा समावेशी बनाउने उद्देश्यले समानुपातिक निर्वाचन प्रणालीलाई संवैधानिक मान्यता दिइएको हो। विशेषगरी दलित समुदायका लागि संविधानको धारा ४० ले राजनीतिक सहभागिताको मौलिक अधिकार सुनिश्चित गरेको छ। तर संवैधानिक यो व्यवस्थाको एक दशक बितिसक्दा पनि र प्रतिनिधिसभाका दुई निर्वाचन (२०७४ र २०७९) सम्पन्न भइसक्दा पनि तथ्याङ्कले देखाउँछ कि मधेशी दलित समुदाय अझै पनि राज्यसत्ताबाट बहिष्कृत नै छन्। त्यो पनि व्यवस्थित रूपमै। यसले समानुपातिक प्रणाली केवल राजनीतिक दलहरूको कार्यकर्ता व्यवस्थापनको औजार मात्र बनेको पुष्टि गर्छ। दलित समुदायको कुल जनसङ्ख्या ३८ लाख ९८ हजार ९९० छ। यसमध्ये पहाडी दलित करिब ८.६ प्रतिशत र तराई (मधेशी) दलित करिब ४.८ प्रतिशत छन्। यद्यपि प्रतिनिधिसभामा मधेशी दलितको उपस्थिति नाम मात्र रहनु संविधानको धारा ४० (७) को प्रत्यक्ष उल्लघन हो।

### संविधानको धारा ४० (७) र यसको मर्म

संविधानको धारा ४० (७) भन्छ–दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ। यो प्रावधानले दलित समुदायलाई एकरूप, एकल पहिचानका रूपमा होइन, दलितभित्रको आन्तरिक विविधता (भूगोल, भाषा, संस्कृति र ऐतिहासिक उत्पीडन) लाई मान्यता दिएको छ। तर व्यवहारमा दलित' भन्नासाथ पहाडी दलितलाई केन्द्रमा राख्ने प्रवृत्ति हाबी छ र मधेशी दलितहरू नियोजित रूपमा राजनीतिक प्रक्रियाबाट बाहिर पारिँदै आएका छन्।

### विभेदको साक्षी

दलित देशको करिब १३.८ प्रतिशत जनसङ्ख्या भएको समुदाय हो तर प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व शून्य हुनबाट मात्र बचेको छ। प्रतिनिधिसभाको दुवै निर्वाचनमा मधेशी दलितबाट १–१ जना मात्र प्रतिनिधि हुनु संविधानको खिल्ली उडाइनु सिवाय केही होइन। यो सङ्ख्या यस्तो साक्षी हो जसले संविधान र व्यवहार बीचको दूरी स्पष्ट पार्छ।

मुस्लिम क्लस्टर हुँदा अनावश्यक ठानिएको मधेशी दलित

४.४ प्रतिशत जनसङ्ख्या भएको मुस्लिम समुदायका लागि छुट्टै क्लस्टरको व्यवस्था सम्भव भएको राज्यमा ४.८ प्रतिशत मधेशी दलितका लागि चाहिं अलग वा बाध्यकारी संरचना आवश्यक नठानिनुले राज्य मधेशी दलितलाई कसरी हेर्छ भन्ने स्पष्ट पार्छ। खासमा यसो हुनु केवल प्राविधिक कमजोरी नभई नीतिगत र राजनीतिक पक्षपात हो। जसले मधेशी दलितलाई अहोरात्र रसातलमा धकेल्न उत्तोलकको काम गरिरहेको छ।समानुपातिक बन्दसूची : सूची सजाउने तर प्रतिनिधित्व नदिने अभ्यास

२०७४ सालको निर्वाचनमा नेकपा एमालेले समानुपातिकतर्फ ४१ सिट प्राप्त गरेको थियो। पार्टीले समानुपातिकतर्फ ११० सिटमा उम्मेदवारी दिएको थियो। दलित क्लस्टरका १५ उम्मेदवारमध्ये ११ जना (७४ प्रतिशत) पहाडी दलित र ४ जना (२६ प्रतिशत) मधेशी दलित थिए। तर एमालेले सबैभन्दा बढी ४१ सिट जित्दा दलितबाट ६ जना निर्वाचित त भए तर ती सबै पहाडी दलित महिला थिए। दलिततर्फ रामप्रित पासवान ( मधेशी दलित) दलित क्लस्टरको प्राथमिकता क्रम १ नम्बरमा रहे पनि उनी निर्वाचित भएनन्। बरु मधेशी क्लस्टरको प्राथमिकता क्रम १ नम्बरमा रहेका उद्योगपति मोती दुगड भने निर्वाचित भए।

खस आर्यतर्फ मोहन बानियाँ प्राथमिकता क्रम ११ मा भए पनि पिछडिएको क्षेत्रको कोटाका कारण निर्वाचित भए। यसैगरी आशाकुमारी बिक दलित महिला र पिछडिएको क्षेत्र दुवैमा राखिएकाले निर्वाचित भइन्। यसले स्पष्ट देखाउँछ कि मधेशी दलित भन्दा उद्योगपति, खस आर्य र बहुक्लस्टरमा राखिएका व्यक्तिलाई प्राथमिकता दिइयो। नेपाली कांग्रेस पनि यो मामलामा इमानदार रहेन। उसले समानुपातिकतर्फ ४० सिट प्राप्त गरेको थियो।११० सिटमा उम्मेदवारी दिएको कांग्रेसले दलित क्लस्टरमा १५ उम्मेदवारमध्ये १४ जना (९४ प्रतिशत) पहाडी दलित र १ जना (६ प्रतिशत) मात्र मधेशी दलितलाई समावेश गऱ्यो।

मधेशी दलिततर्फ शम्भु हजारा पासवानलाई दलित पुरुषतर्फ अन्तिम ७औं प्राथमिकतामा राखिएकाले उनी निर्वाचित हुन सकेनन्। कांग्रेसबाट समानुपातिकतर्फ निर्वाचित ६ जना दलितमध्ये ३ जना पहाडी दलित पुरुष र ३ जना पहाडी दलित महिला थिए। यस अर्थमा मधेशी दलित शून्य। खस आर्यतर्फ रामबहादुर बिष्ट प्राथमिकता क्रम ११ मा भए पनि पिछडिएको क्षेत्रका कारण निर्वाचित भए। मधेशी क्लस्टरको प्राथमिकता क्रम १ मा रहेका उद्योगपति विनोद चौधरी निर्वाचित भए। यसबाट थाहा हुन्छ कि मुख्य र ठूला भनिएका दलहरूले मधेशी दलितलाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने।

एमाले र कांग्रेस मात्र हैन, पछाडि पारिएका समुदायको हक/अधिकार सुनिश्चित गर्ने नारा बोकेर उदाएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) पनि यस मामलामा खासै पृथक् देखिएन। माओवादी केन्द्रले समानुपातिकतर्फ १०९ सिटमा उम्मेदवारी दिएको थियो। दलित क्लस्टरमा १५ जनामध्ये १३ जना ( ८६ प्रतिशत) पहाडी दलित र २ जना (१३ प्रतिशत) मात्र मधेशी दलित थिए। मधेशी दलिततर्फ राजुप्रसाद चमार दलित पुरुषतर्फ प्राथमिकताको ७ नम्बरमा र पूजाकुमारी बैठा दलित महिलातर्फ प्राथमिकताको ५ नम्बरमा राखिएका थिए। माओवादी केन्द्रले समानुपातिकतर्फ १७ सिट पायो तर २ जना पहाडी दलित महिला मात्र निर्वाचित गरायो। खस आर्यतर्फ चुडामणि खड्का प्राथमिकता क्रम ८ मा भए पनि अपाङ्गता कोटाका कारण निर्वाचित भए।

अर्कोतर्फ राजपा नेपालले समानुपातिकतर्फ ९३ सिटमा उम्मेदवारी दिएको थियो। जसमध्ये दलिततर्फ ११ जनामा सबै मधेशी दलित उम्मेदवार थिए। कुल ६ सिट पाएको राजपा नेपालले दुलारीदेवी खंगलाई समानुपातिकतर्फ निर्वाचित गरायो। २०७४ सालको निर्वाचनमा मधेशी दलित प्रतिनिधित्व गराउने एकमात्र दल राजपा नेपाल थियो। शायद यो दल मधेशकेन्द्रित भएर पनि होला। उता संघीय समाजवादी फोरम नेपालले समानुपातिकतर्फ १०९ सिटमा उम्मेदवारी दिएको थियो जसमा दलितमध्ये ११ जना पहाडी दलित र ३ जना मधेशी दलित थिए। मधेशबाट ठूलो मत पाएको यस दलले कलुदेवी विश्वकर्मा (पहाडी दलित) लाई मात्र समानुपातिकबाट निर्वाचित गरायो। यसले देखाउँछ कि मधेशकेन्द्रित दलहरूले समेत मधेशी दलितलाई उपेक्षा गर्ने प्रवृत्ति कायमै छ।

यसरी हेर्दा २०७४ सालको प्रतिनिधिसभा निर्वाचनले के प्रमाणित गऱ्यो भने ठूला दल मात्र होइन, मधेशकेन्द्रित दलहरू समेत मधेशी दलितलाई संरचनागत रूपमै बहिष्करण गरिरहेका छन्। समानुपातिक प्रणाली (संविधानको धारा ४० (७) दलितभित्र न्यायोचित वितरणका लागि बनाइएको हो तर व्यवहारमा भने यो अभिजात वर्ग, उद्योगपति, खस आर्य र प्रभुत्वशाली दलित समूहको पुनरुत्पादनको माध्यम बनेको छ। मधेशी दलितको प्रतिनिधित्व कुनै दया वा कृपा होइन, संविधानद्वारा प्रत्याभूत अधिकार हो। यदि यही प्रवृत्ति निरन्तर रहिरह्यो भने समानुपातिक प्रणालीमाथिको जनविश्वास मात्र होइन, संविधानको

–बाँकी तीन पेजमा

# टिकटकमा धार्मिक टिप्पणीपछि खलबलियो मधेसको सद्भाव

**मिथिलेश यादव**

विरगन्ज, २२ पुस । टिकटकमा एक अर्काका धर्म संस्कृतिलाई लक्षित गरी अभद्र टिप्पणी गरेको विषयलाई लिएर मधेस प्रदेशमा तनाव बढेको छ। धनुषाबाट सुरु भएको टिप्पणीको प्रभावले सोमबार पर्साको वीरगन्ज दिनभर तनावग्रस्त बनेपछि मंगलबार बिहान ८ बजेसम्मका लागि कर्फ्यु लगाइएको छ। धनुषा र पर्सासहित मधेस प्रदेशका आठ वटै जिल्लामा सुरक्षा सतर्कता बढाइएको छ। यी जिल्लाका स्थानीय प्रशासनले संवेदनशील परिस्थिति'का कारण सतर्कता बढाइएको जनाएको छ।

केही दिनअघि जनकपुरधाममा हैदर अन्सारी र अमानत अन्सारी नामका युवाहरूले टिकटकमा हिन्दुस्तानको नाम लिँदै एक भिडियो पोस्ट गरेका थिए। धार्मिक सहिष्णुतामा खलल पुग्ने खालको भिडियो बनाएको भन्दै ती दुई युवालाई स्थानीय अगुवाहरूले प्रहरीको जिम्मा लगाएका थिए। इलाका प्रहरी कार्यालय खजुरीमा दुवै पक्षबिच छलफल भइरहेका बेला ती युवाहरूलाई पक्राउ गरिएको भन्दै केही युवा आक्रोशमा आए। त्यही बेला मस्जिदमा आक्रमणसमेत भएको थियो । आक्रमणमा संलग्न व्यक्तिलाई पनि पक्राउ गरिएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी गणेश बमले बताए। सोही घटनालाई लिएर वीरगन्जमा सोमबार बिहानैदेखि प्रदर्शन सुरु भयो ।

प्रदर्शनलाई मध्यनजर राखेर वीरगन्जमा व्यापक रूपमा सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरिएको छ। नेपाली सेना पनि सडकमा देखिएका छन्। निषेधाज्ञाबिच पनि दुई समूहको प्रदर्शन नरोकिएपछि वीरगन्जमा स्थानीय प्रशासनले कर्फ्यु जारी गरेको छ। यसअघि दिउँसो निषेधाज्ञाबिच दुवै पक्षले ठाउँ ठाउँमा प्रदर्शन नरोकेपछि स्थिति नियन्त्रणमा राख्न कर्फ्यु लगाइएको स्थानीय प्रशासनले जनाएको छ। प्रमुख जिल्ला अधिकारी भोला दाहालले सोमबार साँझ ६ बजेदेखि मंगलबार बिहान ८ बजेसम्मका लागि वीरगन्जको पूर्वमा बाइपास रोड, पश्चिममा सिर्सिया पुल, उत्तरमा पावरहाउस चोक र दक्षिणमा शंकराचार्य गेट क्षेत्रभित्र कर्फ्यु आदेश जारी गरिएको बताए। यस अवधिमा आवतजावत, भेला, जुलुस, सभा, बैठकलगायत गर्न नपाइने र अत्यावश्यकबाहेक घरबाहिर ननिस्कन स्थानीय प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ।

कर्फ्यु अघि लगाइएको निषेधाज्ञा अवज्ञा गर्दै वीरगन्जका विभिन्न ठाउँबाट निषेधाज्ञा उल्लंघन गर्दै प्रदर्शन गर्ने दुई दर्जनभन्दा बढी प्रदर्शनकारीलाई नियन्त्रणमा लिइएको छ। जिल्ला प्रशासन कार्यालयले जारी गरेको निषेधाज्ञा तोडेर प्रदर्शनमा उत्रिएका २६ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ त्यसक्रममा प्रहरी र प्रदर्शनकारीबिच झडपसमेत भएको थियो। पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) राजु कार्कीका अनुसार निषेधाज्ञा उल्लंघन गरी प्रदर्शन गर्ने २६ जनालाई नियन्त्रणमा लिइएको छ। प्रहरीमाथि ढुंगामुढा प्रहार गर्ने र उग्र गतिविधि गर्नेहरूलाई नियन्त्रणमा लिइएको छ,' डिएसपी कार्कीले भने। उनले नियन्त्रणमा लिइएका प्रदर्शनकारीहरू सबै समुदायका रहेको पनि स्पष्ट पारेका छन्।

**जनकपुरबाट सुरु वीरगन्जमा उग्र**

प्रदर्शनको सिलसिला आइतबार जनकपुरधामको एक घटनापछि सुरु भएको थियो। जनकपुरधाममा मस्जिदमाथि आक्रमणको विरोधमा आइतबार बिहान मुस्लिम समुदायले प्रदर्शन गरेको थियो। त्यसपछि हिन्दु देवीदेवतामाथि अभद्र टिप्पणी गरिएको भन्दै आक्रोशित हिन्दुवादी संगठन र समर्थकहरूले सोमबार वीरगन्जमा प्रदर्शन गरेका हुन्। प्रदर्शनका क्रममा अवस्था थप तनावग्रस्त बनेपछि प्रहरीले परिस्थितिलाई नियन्त्रणमा लिन सुरु गरेको थियो।

**मधेस–अटुट एकता र सद्भावको भूमि'**

मधेस प्रदेशका प्रमुख डा. सुरेन्द्र लाभ कर्णले पछिल्ला केही दिनमा केही स्थानमा देखा परेका अस्वाभाविक गतिविधि र असमझदारीले हाम्रो सदियौं पुरानो सामाजिक एकता र भाइचारामा आँच पुऱ्याउन सक्नेप्रति आफू चिन्तित रहेको बताएका छन्। समाजमा विभाजन गर्ने तत्त्वहरूबाट सचेत रहँदै, कुनै पनि प्रकारको उत्तेजना र आवेगमा नआई धैर्य धारण गर्न उनले अपिल गरेका छन्। विचार र आस्था फरक भए पनि हाम्रो मानवीय पहिचान र सामाजिक एकता एउटै भएको उल्लेख गर्दै उनले भनेका छन्, सामाजिक सञ्जाल वा अन्य कुनै माध्यमबाट कसैको भावनामा चोट पुग्ने कार्य नगर्न र समाजमा शान्ति एवं अमन चयन कायम राख्न एकजुट हुन अपिल गर्छु।'

संवाद र सहकार्य नै हरेक समस्याको समाधान भएको उल्लेख गर्दै उनले जारी गरेको सन्देशमा उल्लेख छ, हामी सबै मिलेर एकपटक प्रमाणित गरौं कि मधेस केवल विविधताको भूमि मात्र होइन, यो अटुट एकता र प्रेमको पनि भूमि हो। शान्ति र सद्भाव नै हाम्रो पहिचान हो।' धार्मिक सद्भाव भड्किन थालेपछि सोमबार मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेस सबै समुदायको साझा घर भएको बताउँदै सद्भाव कायम राख्न अपिल गरेका छन्। मुख्यमन्त्री यादवले एक सन्देश जारी गर्दै विविधता नै मधेसको सामर्थ्य र शक्ति भएको बताएका छन्।

उनले मधेसको वास्तविक शक्ति एकतामा रहेको र विभाजनले समाज, राज्य तथा नागरिक सबैलाई कमजोर बनाउने धारणा व्यक्त गरेका छन्। हाल केही स्थानमा देखिएका तनाव, अफवाह र उत्तेजनाप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले हिंसाले कहिल्यै समाधान नदिने बताएका छन्। धर्मका नाममा फैलाइँदै आएको घृणा, हिंसा र विभाजन सभ्य समाजका लागि अस्वीकार्य भएको उल्लेख गर्दै यस्ता गतिविधिले समाजलाई झनै कमजोर बनाउने उनको कथन छ। प्रदेश सरकार सबै नागरिकको सुरक्षा, सम्मान र समान अधिकारप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको उनको भनाइ छ।

मुख्यमन्त्री यादवले शान्ति सुरक्षाको अवस्था थप सुदृढ बनाइने उल्लेख गरे। साथै अफवाह फैलाउने तथा घृणात्मक गतिविधिमा संलग्न जोकोहीलाई कानुनअनुसार कडा कारबाही गरिने स्पष्ट चेतावनी दिएका छन्। मुख्यमन्त्री यादवले सबै धर्मगुरु, राजनीतिक दल, युवा तथा सचेत नागरिकलाई संयम, संवाद र सहअस्तित्वका मार्ग अवलम्बन गर्न आग्रह गर्दै समस्या समाधान सधैं संवादबाट हुने, द्वन्द्वबाट कहिल्यै नहुने धारणा व्यक्त गरेका छन्। यस्तै गृहमन्त्री ओमप्रकाश अर्यालले समाजमा शान्ति, सद्भाव र अमनचैन कायम राख्दै बहु सांस्कृतिक र बहु जातीय उक्त देशमा धार्मिक विद्वेष फैलने खालका कुनै पनि आचरण र घृणाजन्य अभिव्यक्ति नदिन सबैमा आग्रह गरेका छन्। सोमबार गृह मन्त्रालयमा नागरिक समाजका अगुवाहरूसँग भएको छलफलका क्रममा गृहमन्त्री अर्यालले सामाजिक सञ्जालमार्फत फैलाइने धार्मिक विद्वेष र भ्रामक खबर तथा सूचनाहरूप्रति सचेत रही समाजमा सामाजिक र धार्मिक सहिष्णुता कायम राख्न अनुरोध गरेका हुन्।

भेटमा गृहमन्त्री अर्यालले नागरिक समाजका अगुवाहरूबाट समाजमा अहिले सामाजिक सञ्जालमाको माध्यमबाट फैलाउन खोजिएका विभिन्न खाले धार्मिक अतिवादी सोचहरूलाई चिर्न र समाजमा शान्ति, सद्भाव र अमनचैन कायम राख्न नागरिक समाजको महत्त्वपूर्ण भूमिका रहने विचार व्यक्त गरे। छलफलमा गृहमन्त्री अर्यालले आपसी सद्भाव खलबल्याउने र एक अर्काको धर्ममा आँच पुऱ्याउने गतिविधि नियन्त्रण गर्न सरकार र नागरिक समाजले हातेमालो गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

---

## *संविधान विपरीत ...*

समावेशी लोकतान्त्रिक आत्मा नै गम्भीर संकटमा पर्नेछ।

तीन ठूला राष्ट्रिय दल- एमाले, कांग्रेस र माओवादी सबैमा दलित क्लस्टरभित्र पहाडी दलितको संस्थागत वर्चस्व देखिन्छ। मधेशबाट ठूलो मत पाउने यी दलले मधेशी दलितलाई सूचीमा राखे पनि प्राथमिकता क्रममा पछाडि धकेलेर निर्वाचित नहुने अवस्था आफैं सिर्जना गरेका छन्। राजपा नेपाल मात्र अपवादका रूपमा देखिए पनि सिट संख्या कम भएकाले राष्ट्रिय राजनीतिमा मधेशी दलितको आवाज बलियो बन्न सकेन।

**समान चरित्रका धनी ठूला दल**

नेकपा एमालेले सबैभन्दा धेरै समानुपातिक सिट जितेर पनि मधेशी दलितलाई प्रतिनिधित्व गराएन। नेपाली कांग्रेसबाट दुवै निर्वाचनमा एक जना पनि मधेशी दलित निर्वाचित भएनन्। माओवादी केन्द्रले उत्पीडित वर्गको राजनीति गर्ने दाबी गरे पनि व्यवहारमा पहाडी दलितकेन्द्रित सूची कायमै राख्यो। यसले देखाउँछ कि समस्या व्यक्ति वा संयोगको होइन, राजनीतिक संरचनामा गहिरोसँग जरा गाडेको विभेदको हो। जसप्रति ठूला भनिएका दलहरूको मोह गतिलैसँग गडेको छ।

**मधेशकेन्द्रित दलहरूको दोहोरो मापदण्ड**

संघीय समाजवादी फोरम, जसपा नेपाल जस्ता मधेशकेन्द्रित दलहरूले पनि मधेशी दलितलाई या त उम्मेदवारीमै सीमित गरे या निर्वाचित गराउन सकेनन्। यसले प्रमाणित गर्छ कि मधेशको मुद्दा उठाउने दलहरूले समेत मधेशी दलितलाई राजनीतिक शक्ति होइन, मतदाता मात्र ठानेका छन्। जसको पुष्ट्याइँ उनीहरूले नै गरेका छन्, त्यो पनि पटक-पटक। दल नयाँ, ढर्रा पुरानै

जनमत पार्टी र रास्वपा जस्ता नयाँ दलहरूले आफूहरूलाई पुराना भन्दा फरक, प्रगतिशील र समयानुकूल चल्न सक्ने क्षमताको दाबी गर्दै आएका छन् तर उनीहरूले पनि दलित मत लिने' तर दलित प्रतिनिधित्व भने नदिने' नीति अपनाएको व्यवहारले पुष्टि गऱ्यो। यसले पनि पुष्टि गर्छ कि समस्या व्यक्तिमा होइन, राजनीतिक संरचनामा छ। त्यो पनि निकै गहिरोसँग गाडिएको छ।

**कानून र व्यवहार बीचको दूरी**

संविधान, राजनीतिक दल सम्बन्धी ऐन र प्रतिनिधिसभा निर्वाचन ऐनले समावेशी प्रतिनिधित्वलाई बाध्यकारी बनाएका छन् तर दलहरूले दलितलाई एकरूप समूहका रूपमा प्रयोग गर्दै, दलितभित्रको आन्तरिक समानुपातलाई योजनाबद्ध रूपमा बेवास्ता गरेका छन्। परिणामतः समानुपातिक प्रणाली स्वयं अभिजात वर्ग र प्रभुत्वशाली समूहको पुनरुत्पादनको माध्यम बनेको छ। दलित उम्मेदवार संख्या र वास्तविक निर्वाचित संख्या

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक प्रणाली मार्फत दलित उम्मेदवारको सङ्ख्या पर्याप्त देखिए पनि वास्तविक निर्वाचित संख्या अपेक्षा भन्दा कम छ। उदाहरणका लागि, नेकपा एमालेले १५ जना दलित उम्मेदवार राखेको थियो तर मात्र ५ जना निर्वाचित भए।

**पहाडी दलित र मधेशी दलित बीच असमानता**

अधिकांश दलमा निर्वाचित दलितमा पहाडी दलितको वर्चस्व छ। नेकपा एमालेबाट ५ दलित निर्वाचित भएका१ जना मात्रै मधेशी दलित छन्। नेपाली कांग्रेस, माओवादी केन्द्र, जसपा नेपाल, जनमत पार्टी, रास्वपा र राप्रपा जस्ता दलबाट मधेशी दलित पूर्ण रूपमा प्रतिनिधित्वविहीन छन्। २०७९ को निर्वाचनमा जम्मा एक जना मधेशी दलित मात्र निर्वाचित भएका छन्। यो तथ्यले स्पष्ट देखाउँछ कि दलित समुदायभित्रको आन्तरिक विविधता (भूगोल, जातीय पहिचान, सामाजिक पृष्ठभूमि) मूल्याङ्कनमा दलहरू चुकेका छन्। जुन संविधानको समेत बर्खिलाप हो।

**मधेशकेन्द्रित दलहरूको असफलता**

जसपा नेपाल र जनमत पार्टी जस्ता मधेशकेन्द्रित दलहरूले पनि मधेशी दलितलाई सूचीमा राखे पनि निर्वाचित गराउन सकेका छैनन्। यसले मधेशी दलितलाई राजनीतिक निर्णय प्रक्रियाबाट लगातार बहिष्कृत गरिएको देखाउँछ। यस्तो अवस्थामा अरू ठूला, मूलधारे वा देशव्यापी सञ्जाल र संरचना भएका दलले त मधेशी दलितलाई हेर्नेनन्, हेर्नेनन् यस्ता दलबाट मधेशी समुदायको हक/अधिकार प्राप्तिमा प्रगति नभएको भन्दै मधेशलाई नै केन्द्र बनाएर राजनीति गर्न खुलेका दलले समेत आफ्नै भूगोलका बासिन्दाप्रति न्याय गर्न नसक्नु उनीहरूको असफलताको ठूलो र अकाट्य प्रमाण हो।

**समानुपातिक प्रणालीको दुरुपयोग**

मूल उद्देश्य कमजोर र बहिष्कृत समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु भए पनि व्यवहारमा समानुपातिक प्रणाली राजनीतिक दलहरूको शक्ति सन्तुलन र सूची व्यवस्थापनको औजार बनेको देखिन्छ। यस पृष्ठभूमिमा हेर्दा मधेशी दलितलाई प्राथमिकता नदिनु संरचनागत असमानताको सङ्केत हो।

**पहाडी र मधेशी दलितको अनुपात**

२०८२ सालको समानुपातिक बन्दसूचीमा पनि पहाडी दलितको वर्चस्व स्पष्ट देखिन्छ। नेकपा एमालेमा १४ जना पहाडी दलित (९३.३%) छन् भने मात्र१ जना मधेशी दलित (६.७%) छन्। नेपाली कांग्रेस र माओवादी केन्द्रमा ८६.७% पहाडी दलित र१३.३% मधेशी दलित छन्। राष्ट्रिय स्वतन्त्र पार्टीमा मधेशी दलितको अनुपात अन्य दलको तुलनामा केही बढी (२०%) छ तर अझै पनि पहाडी दलित बहुमतमा छन्। यो त्यस्तो तथ्याङ्क हो जसले दलहरू अझै पनि मधेशी दलितलाई संवैधानिक व्यवस्था अनुरूपको न्याय दिन तयार छैनन् भन्ने स्पष्ट हुन्छ।

**दलित क्लस्टरमा मधेशी दलितको सीमित प्रतिनिधित्व**

चारै प्रमुख पार्टीले आफ्नो समानुपातिक बन्दसूचीमा मधेशी दलितलाई पर्याप्त स्थान दिनसकेका छैनन्। नेकपा एमालेमा १५ जना दलित उम्मेदवारमध्ये मधेशी दलित मात्र १ जना छन्, जसले मधेशी दलितको प्रतिनिधित्व अत्यन्त न्यून छ भन्ने देखाउँछ। सूची व्यवस्थापनमा पहाडी दलितको उच्च प्रतिशतले देखाउँछ कि राजनीतिक दलहरूले दलित क्लस्टर बनाउँदा पनि भूगोल र सामाजिक विविधतालाई पर्याप्त प्राथमिकता दिएका छैनन्। जसले स्पष्ट पार्छ कि समानुपातिक प्रणालीको मूल उद्देश्य (दलित समुदायको समावेशी प्रतिनिधित्व) पूर्ण रूपमा कार्यान्वयन भएको छैन।

**विगतको तुलना**

२०७९ सालको समानुपातिक निर्वाचनमा पनि मधेशी दलित प्रतिनिधित्व न्यून थियो, र २०८२ सालमा पनि धेरै हदसम्म त्यही संरचनात्मक असमानता कायम छ। केही दल (( जस्तै- राष्ट्रिय स्वतन्त्र पार्टी) ले मधेशी दलितलाई बढी स्थान दिएको देखिन्छ तर त्यो पनि पर्याप्त मात्रामा छैन। समानुपातिक बन्दसूचीमा दलित प्रतिनिधित्व हुनु आवश्यक भए पनि पहाडी दलित केन्द्रित संरचना मधेशी दलितको राजनीतिक सहभागितामा बाधक बनेको छ।

**अबको बाटो**

निर्वाचन आयोगले आगामी निर्वाचनका लागि सूची सच्याउने समय दिएको सन्दर्भमा, राजनीतिक दलहरूले मधेशी दलितलाई पहिलो, दोस्रो र तेस्रो प्राथमिकता क्रममै राख्नुपर्छ। दलित अधिकारका लागि कार्यरत दलित सरोकार मञ्च नेपाल लगायत संस्थाहरूले विगतमा मधेशी दलित प्रतिनिधित्व सुनिश्चित गर्न ज्ञापनपत्र दिएका थिए। त्यसपछि आयोगले सम्बन्धित निकायहरूलाई पत्राचार पनि गरेको थियो तर दलहरूले त्यसलाई कार्यान्वयन गरेनन्। जेन-जी आन्दोलनपछि छुट्टै क्लस्टर सहित व्यवस्था मिलाउने आश्वासन दिइए पनि त्यो छलफलकै क्रममा सीमित रहयो। यसले सङ्केत गरेको छ- आन्दोलनपछि प्राप्त अवसर समान रूपमा वितरण नभए आन्दोलनले स्वयं अलग मोड लिन सक्छ।

**कानूनी उपचार र राजनीतिक पुनर्संरचना**

अब मधेशी दलित समुदायले ज्ञापनपत्र र विन्तीपत्रमा सीमित नरही संविधानको धारा ४०(७) कार्यान्वयनका लागि कानूनी उपचारको बाटो रोज्नुपर्छ। साथै, दलित समुदायले छुट्टाछुट्टै पार्टी खोल्नुको सट्टा साझा राजनीतिक प्लेटफर्म निर्माण गरी समानुपातिक मत बलियो बनाउने रणनीति पनि गम्भीर रूपमा अख्तियार गर्नुपर्ने समय आएको छ। २०७२ सालको संविधान बनेपछिका दुई वटा निर्वाचनले दलित प्रतिनिधित्व बढ्नुको सट्टा घटेको देखाएका छन्। यदि समानुपातिक प्रणालीले पनि मधेशी दलितलाई न्याय दिन सकेन भने समावेशी लोकतन्त्र कागजमै सीमित हुने खतरा अझ गहिरिन्छ। मधेशी दलितको प्रतिनिधित्व दया वा कृपा होइन, यो संविधानद्वारा प्रत्याभूत अधिकार हो। अब प्रश्न अधिकार छ कि छैन भन्ने होइन, त्यो अधिकार कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति छ कि छैन भन्ने हो। अनलाइन खबरबाट

# विपन्न सुत्केरी र गर्भवतीलाई लहानको पोषण उपहार'



**मिथिलेश यादव**

सिरहा, २२ पुस। सिराहाको लहान नगरपालिकाले सञ्चालन गरेको सुत्केरी तथा गर्भवती पोषण कार्यक्रमबाट तीन वर्षको अवधिमा करिब तीन हजार विपन्न महिला लाभान्वित भएका छन्। नगरपालिकाले २४ वटै वडाका वपन्न गर्भवती तथा सुत्केरीलाई लक्षित गरी सञ्चालन गरेको यस अभियानले निम्न वर्गीय महिलाको स्वास्थ्य सुधारमा टेवा पुऱ्याएको हो।

नगरपालिकाले हरेक महिनाको २२ गते एकमुष्ठ रूपमा वडा–वडामा पुगी पोषण सामग्री वितरण गर्दै आएको छ। स्थानीय तहको निर्वाचनका बेला जनतासँग गरिएको प्रतिबद्धता अनुसार भविष्यमा जन्मिने बच्चा र आमा स्वस्थ हुन् भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको नगर प्रमुख महेश प्रसाद चौधरीले बताए। नगरपालिकाले पोषण प्याकेज पाउनका लागि स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गराउनुपर्ने बाध्यात्मक र प्रोत्साहनमूलक नीति लिएको छ। जसका कारण विगतमा स्वास्थ्य संस्था नजाने गर्भवतीहरू पनि अहिले नियमित चेकजाँचमा आउन थालेका छन्। नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले भने, विगतमा गर्भवतीले स्वास्थ्य संस्थामा पुगेर गर्भ जाँच गराउने चलन कम थियो। तर, पोषण कार्यक्रमसँगै चेतना र उत्सुकता बढेपछि पछिल्ला तीन वर्षमा नियमित जाँच गराउने दलित तथा विपन्न समुदायका महिलाको संख्यामा उल्लेख्य वृद्धि भएको छ।'

महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई तालिम दिएर गाउँबस्तीमा परिचालन गरिएकाले पनि स्वास्थ्य संस्थामा पहुँच बढेको शाखा प्रमुख चौधरीको भनाइ छ। लहान–२३ गाढाकी महिला स्वयंसेविका पशुपतिदेवी शर्माले आर्थिक रूपमा विपन्न महिलाहरूका लागि नगरपालिकाको यो प्याकेज वरदान' साबित भएको बताइन्। गर्भमा बच्चा भएपछि सामान्य खानपानले मात्र पुग्दैन, तर आर्थिक अभावका कारण पोषिलो खानेकुरा जोहो गर्न नसक्नेहरूलाई नगरपालिकाको प्याकेजले ठूलो राहत दिएको छ,' उनले भनिन्, यसले विपन्न परिवारको चिन्ता दूर गरेको छ।'

अभियानलाई निरन्तरता दिने क्रममा मंगलबार लहान–२३, गाढाका १०५ जना गर्भवती तथा सुत्केरीलाई पोषण प्याकेज वितरण गरिएको छ। प्याकेजमा चामल, दाल, नुन, तेल, चना, मटर, सोयाबिन लगायतका पौष्टिक आहार समावेश छन्। सामग्री वितरण गर्दै नगर प्रमुख चौधरीले भने, मापदण्डअनुसार गर्भ जाँच गरेमा आमा र नवजात शिशुको स्वास्थ्य राम्रो हुन्छ। मातृ तथा बाल मृत्युदर घटाउन र पोषणको सुनिश्चितता गर्न यो अभियान कोसेढुंगा साबित भइरहेको छ।' आगामी दिनमा यो कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी बनाइने नगर प्रमुख चौधरीले प्रतिबद्धता जनाएका छन्। सुत्केरी अवस्थामा पोषिलो खानेकुरा नपाउँदा हुने जोखिम न्यूनीकरण गर्न थोरै भए पनि सहयोग पुगोस् भनेर कार्यक्रम चलाइएको नगरपालिकाले जनाएको छ।

# मधेशका १४ घुमुवा प्रहरी हेडक्वार्टर तानिए

**लक्ष्मी साह**

बारा, २२ पुस। संगठनको आन्तरिक शुद्धीकरणका लागि मधेशका १४ घुमुवा प्रहरी हेडक्वार्टर तानिएका छन्। नेपाल–भारत सीमावर्ती क्षेत्रमा सीमा वारपार नक्कली नोट, हातहतियार तथा लागूऔषधसहित अन्य जिन्सी सामानका अवैध कारोबार ( ओसारपसार) गर्ने व्यापारी, तस्करहरूसित मिलेमतो गरी आर्थिक लाभ लिने र जिल्लाका प्रहरी अधिकारीहरूलाई खुसी पार्ने ती घुमुवा प्रहरीलाई अनुसन्धानका लागि तानिएको हो।

उनीहरूलाई पुस २१ गते हेडक्वार्टर अन्तर्गत सुपरिवेक्षण तथा अनुगमन महाशाखामा संगठनको पोसाकसहित पेस हुन पुस २० मा हेडक्वार्टरबाट मधेश प्रहरी कार्यालयमा निर्देशन भएको थियो। मधेश प्रदेशका प्रहरी प्रमुख गोविन्द थपलियाले ती प्रहरीमाथि उजुरी परेपछि छानबिनका लागि केन्द्रमा तानिएको बताए। तानिएका ती प्रहरीहरूको बारेमा प्रहरी महानिरीक्षकको सचिवालयमासमेत बोधार्थ जानकारी गराइएको छ। तानिएका प्रहरीमा जवानदेखि असईसम्मका छन्।

पर्सा, बारा, सर्लाही, धनुषा, सप्तरीका उनीहरू हुन्। अधिकांश ती घुमुवा प्रहरीहरू जिल्ला प्रहरी कार्यालयबाट खटाइएका हुन्। यसअघि यी जिल्लाहरूमा कैयन् घुमुवा प्रहरीहरू विभिन्न अपराधहरूमा संलग्न भएको आरोपमा कानुनी दायरामा आइसकेका छन्। ती घुमुवा प्रहरीहरूलाई जिल्लाका प्रहरी प्रमुख र उपप्रमुख (एसपी/डीएसपी) र प्रदेशका प्रहरी प्रमुखहरूले विश्वास पात्रको नाममा खटाउने यहाँ चलन रहिआएको छ। तिनै घुमुवाहरू आर्थिक लाभ कमाएर खुसी पार्ने गरेका छन्। उनीहरू लामो समयदेखि घुमिफिरी मधेशकै जिल्लामा रहने गरेको पाइएको छ।

एक उच्च प्रहरी अधिकारीका अनुसार अपराध अनुसन्धानको लागि इन्टिलिजेन्सको नाममा गोप्य सूचना संकलक भनेर चिनिने सादा पोसाकका उनीहरूको दिनचर्या भने तस्कर, व्यापारीहरूले गर्ने अवैध कारोबार बापत रकम असुल्ने र प्रहरी अधिकारीहरूको विश्वास पात्र भई खुसी पार्ने हो। तानिएका प्रहरीमध्ये बढी सर्लाही र पर्साका परेका हुन्।

सप्तरीदेखि पर्साका ती बदनाम घुमुवाहरूमाथि विभिन्न ठाउँबाट उजुरी परेपछि अनुसन्धान र छानबिनका लागि तानिएको प्रहरी प्रधान कार्यालयका केन्द्रीय प्रवक्ता डीआईजी अबिनारायण काफ्लेले बताए। 'संगठनको आन्तरिक शुद्धीकरणअन्तर्गत अनुसन्धान सुरु भएको छ,' प्रवक्ता काफ्लेले भने, 'फाइन्डआउट भएपछि सार्वजनिक गरिने छ। छानबिनको सिलसिलामा उनीहरू तानिएका हुन्।'

मधेशका यी जिल्लाहरूमा जिल्लाका प्रमुख र उपप्रमुख प्रहरी अधिकारीहरू (एसपी र डीएसपी) को सुरक्षाका लागि फीटको नाममा पीएसओ र मुद्दा अनुसन्धानमा पोख्तको नाममा थुप्रै प्रहरीहरू लामो समयदेखि बसेर प्रहरी अधिकारीहरूको अवैध आर्थिक स्रोत रूपमा कार्य गर्दै आएपनि त्यसकोसमेत छानबिनको दायरामा ल्याउनुपर्ने प्रहरी अधिकारीहरू बताउँछन्। घुमुवाहरू प्रहरी प्रमुख र उपप्रमुखहरूको आर्थिक स्रोत मात्र नभई मुद्दामा खप्पिस कहलिने र पीएसओमा फीट कहलिनेहरू पनि हाकिमहरूको अवैध आर्थिक स्रोत भएको उनीहरु बताउँदै आएका छन्।

# सुल्झियो वीरगञ्जको धार्मिक विवाद



वीरगञ्ज, २२ पुस। वीरगञ्ज महानगरपालिकामा उत्पन्न दुइ समुदायबिचको विवाद सुल्झिएको छ। जिल्ला प्रशासन कार्यालय पर्सामा मंगलबार बसेको सर्वपक्षीय बैठकले आपसी सम्झदारी गर्दै उत्पन्न विवाद सुल्झाउने निर्णय गरेको हो। आज अपराह्न ४ बजे सद्भाव ऱ्याली निकाल्ने सहमति गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जानकारी दिएको छ।

सम्पन्न सर्वपक्षीय बैठकले पाँच बुँदे निर्णय गर्दै वीरगञ्जको विवाद समाधान गर्ने सहमति गरेको प्रमुख जिल्ला अधिकारी भोला दाहालले बताए। यसैगरी सर्वपक्षीय बैठकले अन्य मुलुक वा स्थानमा भएको घटनालाई लिएर वीरगञ्जमा कुनै पनि पक्षले विरोध वा प्रदर्शन नगर्ने, यसको साटो पीडित पक्षले प्रमुख जिल्ला अधिकारीको अनुमति लिई ज्ञापनपत्रका लागि जोड दिने तत्पश्चात् मात्रै आन्दोलनका कार्यक्रम गर्ने लगायत सहमति गरेको छ।

सामाजिक सदभावमा खलल नपुग्ने गरी सञ्चार माध्यमले समाचार सम्प्रेषण गर्ने सहमति समेत भएको छ। सबै पक्षले आ–आफ्नो समुदायका व्यक्तिलाई अनुशासन कायम राख्न प्रतिवद्धता व्यक्त गर्ने सहमति गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ। सोमबार हिन्दुवादी सङ्गठनहरुले आफ्नो धर्मका देवी देउतामाथि अभद्र टिप्पणी गरिएको भन्दै प्रदर्शन गर्न थालेपछि वीरगन्जको अवस्था बिग्रिँदै गएको थियो।

धनुषामा भएको मस्जिद तोडफोडको घटनालाई लिएर आइतबार मुस्लिम समुदायले प्रदर्शन गरेको थियो। त्यसको विरोधस्वरूप तथा हिन्दु देवीदेवतामाथि अभद्र र आपत्तिजनक टिप्पणी गरिएको भन्दै सोमबार बिहान हिन्दुवादी संगठनहरू प्रदर्शनमा उत्रिएका थिए।

# लायन्स क्लब अफ मिर्चैया सिटीद्वारा मिर्चैयामा फाइबर सिरक वितरण



रामनारायण ठाकुर

मिर्चैया, २२ पुस। पछिल्लो सातादेखि बढेको चिसो र शीतलहरका कारण कठ्यांग्रिदो जाडोले जनजीवन प्रभावित बनेपछि लायन्स क्लब अफ मिर्चैया सिटीले सिरहा जिल्लाको मिर्चैया नगरपालिकामा फाइबर सिरक वितरण गरेको छ। चिसो र शीतलहरको चपेटामा परेका गरिब, विपन्न समुदायका वृद्धवृद्धा, अशक्त तथा असहाय व्यक्तिहरूलाई लक्षित गरी मिर्चैया नगरपालिका वडा १, २, ५, ७ र ८ मा आज जम्मा ५२ थान फाइबर सिरक वितरण गरिएको लायन्स क्लब अफ मिर्चैया सिटीका अध्यक्ष रामनारायण साहले जानकारी दिए। अध्यक्ष साहका अनुसार लायन्स क्लब अफ मिर्चैया सिटीले मिर्चैया नगरपालिकाका १ देखि १२ वटै वडामा चरणबद्ध रूपमा फाइबर सिरक वितरण गर्ने योजना बनाएको छ। फाइबर सिरक वितरण कार्यक्रममा सम्बन्धित वडाका वडा अध्यक्षहरू, लायन्स क्लब अफ मिर्चैया सिटीका पदाधिकारीहरू तथा सम्पूर्ण सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममार्फत चिसोबाट प्रभावित विपन्न वर्गलाई केही राहत मिल्ने अपेक्षा गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)